नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

फ़ोन: ४- २२३५८०, २६२६९६, २६१७३६, २६२८०२, २६२९८७, २६२४६८, २६२५४३

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय २०६१

पत्र संख्या:- ०७१/०७२
च.नं. :-

रामशाहपथ,
काठमाडौं, नेपाल

मिति: २०७२/०२/०६

बिषय : उद्धारकर्ता, घाईते एवं आमनागरिकहरुलाई जानकारीको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्ती

भूकम्प पिडित तथा घाईतेहरुको उद्धार, उपचार तथा बिपद पश्चात हुने प्रकोप तथा रोगहरु रोकथामको लागि मिति २०७२/०२/०६ गतेसम्म स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट देहाय बमोजिमका क्रियाकलापहरु भएको कुरा सम्बन्धित सबैको जानकारीको लागि प्रेषित गरिन्छ ।

१. माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्रीज्युको **World Health Assembly** मा नेपालको भूकम्प सम्वन्धमा विशेष सम्बोधनका बारेमा:

- माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्रीज्यु विश्व स्वास्थ्य संगठनको सम्मेलनमा भाग लिन मिती २०७२।०२।०३ गते जेनेभा प्रस्थान गर्नुभएकोमा आज उहाँले नेपालमा विनाशकारी भुकम्पवाट सृजित परिस्थितीका वारेमा विश्व स्वास्थ्य संगठनको सम्मेलनको विशेष सत्रमा अन्तराष्ट्रिय समुदायलाई नेपालको हालको बारेमा सम्बोधन गर्नुभयो ।
- ६८ औं बिश्व स्वास्थ्य सम्मेलन (**World Health Assembly**)मा **Side Event** को रुपमा नेपालको महाभूकम्प पछि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गरिरहेको **Response** को बारेमा छलफल भयो ।
- माननीय् स्वास्थ्य तथा जनसंख्या मन्त्रीज्यूले सो सम्मेलनको क्रममा संयुक्तराष्ट्र संघ(UN)लगायत विभिन्न दातृनिकाय, अन्तराष्ट्रिय संघ संस्थाले नेपाल सरकारलाई गरेको सहयोगको प्रशंसा गर्दै सहकार्यको लागि आह्वान गर्नु भयो ।
- सरकार र गैर सरकारी संस्था बीचको समन्वयमा संयुक्तरुपमा गरिएको **Response** प्रभावकारी भएको बिचार ब्यक्त भयो ।
- नेपालको तर्फबाट **Short-Term** र **Mid-Term Recovery Plan** तयार गरी दातृ निकाय र सरकारी निकायहरु बीच कार्यान्वयन सम्बन्धमा छलफल भएको जानकारी सो सम्मेलनमा दिइयो ।
- माननीय मन्त्रीज्यूको बिश्व स्वास्थ्य सम्मेलको बिशेष सत्रमा गरिएको संबोधन पश्चात **Dr. Margaret Chan, Director General, WHO** ले नेपालको यो परिस्थितिमा थप सहयोगलाई निरन्तरता दिने प्रतिबद्धता ब्यक्त गर्नु भयो ।

२. राष्ट्रिय तथा अन्तराष्ट्रिय उपचार टोलीहरुको परिचालन, अनुगमन तथा बैठक:

- वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट खटिएका ३८ देशका १३२ वटा अन्तराष्ट्रिय मेडिकल टीमहरुमध्ये आजसम्म ८४ वटा मेडिकल टिमहरु आफ्नो काम पुरा गरि फर्किएका छन् भने ४८ वटा टीमहरु अहिले आ-आफ्नो तोकिएको क्षेत्रमा कार्यरत भएको जानकारी प्राप्त भएको छ ।

नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

फ- २२३५८०, २६२६९६, २६९७३६, २६२८०२, २६२९८७, २६२४६८, २६२५४३

पत्र संख्या:- ०७१/०७२
च.नं. :-

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय २०६१

रामशाहपथ,
काठमाडौं, नेपाल

मितिः २०७२/०२/०६

३. उपकरण र औषधि:

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भूकम्पबाट प्रभावित जिल्लाका बिभिन्न स्वास्थ्य संस्थाहरुमा आवश्यकता अनुसार निरन्तर रुपमा सम्पर्कमा रही आवश्यक औषधि र उपकरणहरु पठाईरहेको छ ।
- भारत सरकारबाट राहतस्वरुप ६ ट्रक ५,०७१ कार्टुन Sanitary Napkins प्राप्त भएकोमा नेपाल प्रहरी अस्पतालमा ९२९ कार्टुन, सशस्त्र प्रहरी अस्पतालमा ७२१ कार्टुन, वीरेन्द्र सैनिक अस्पतालमा ७०२ कार्टुन, प्रसूति गृह अस्पतालमा ७२९ कार्टुन, पाटन अस्पतालमा ७२९ कार्टुन, धुलिखेल अस्पतालमा ७४४ कार्टुन तथा चिकित्सा विज्ञान प्रतिष्ठान महारागंजमा ५० कार्टुन पठाइयो ।
- भारत तथा अन्य देशबाट प्राप्त भएका अत्यावश्यक औषधिहरु जिल्ला स्वास्थ्य कार्यालय दोलखा, रामेछाप, काभ्रेपलाञ्चोकका साथै विभिन्न ५ वटा जिल्ला तथा अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा परिचालन हुने टिमहरुको लागि आकस्मिक स्वास्थ्य उपचार कीट वितरण गरियो ।
- Project Hope वाट ६ वटा प्यालेट र Turkey सरकारवाट २०० कार्टुन अत्यावश्यक औषधीहरु प्राप्त भयो ।

४. स्वास्थ्यकर्मीको व्यवस्था र अन्य विषय:

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भूकम्पवाट प्रभावित विरामी तथा घाइतेहरुको उपचार तथा सूचनाको उपलब्धतामा सहजताका लागी टोल फ्री नं १६६००१३३४४४ संचालनमा ल्याएको छ । यदि कुनै ठाँउबाट स्वास्थ्य सम्बन्धि जानकारी लिन वा दिन परेमा माथिदिएको टोल फ्रि नम्बरमा २४ औ घण्टा सम्पर्क गर्नु हुन अपिल गरिएको छ ।

डा. गुणराज लोहनी
सदस्य सचिव एवं प्रबक्ता
विपद व्यवस्थापनको लागि केन्द्रिय समन्वय समिति, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय